<u>डिभिजन वन कार्यालय राप्ती, मनहरी, मकवानपुरको सार्वजनिक सूचना</u>

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०२/१२ गते**

यस कार्यालयको चालु आ.व.२०८१/०८२ को व.उ.शि.नं. ३२९००१०२ तर्फको कृ.नं. ११.४.१७.२९४४ को एक समुह एक उद्यमका लागि Green enterprise fund मार्फत हरित रोजगारी सिर्जना कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले प्रचलित कानून बमोजिम स्थापना भई समूहको आफै वा निजीक्षेत्रको साझेदारीमा सञ्चालन गरिरहेका वा प्रचलित कानून बमोजिम स्थापना गर्ने उद्योगहरुको उत्पादन क्षमता अभिवृद्धि तथा विकास गर्न तपसिल बमोजिमका कृयाकलापहरु सञ्चालन भइरहेका उद्यमहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपसिलका आवश्यक कागजातहरु सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

१. यस अन्तरगत गर्न सकिने कृयाकलापहरु

- काष्ठकला / बाँस र वेतमा आधारित उद्यम प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण
- फर्निचर/ समिल आदि स्थापना तथा सुदृढीकरण
- दुना / टपरी उद्योग स्थापना, पुर्वाधार निर्माण तथा प्रविधी हस्तान्तरण
- अगरवत्ती, सिन्की धुप , गोलचार उत्पादनका लागि उद्यम स्थापना ,प्रविधी हस्तान्तरण तथा अन्य पूर्वाधार निर्माण
- हर्वल उद्योग स्थापना तथा प्रविधि हस्तान्तरण
- वन पैदावरमा आधारित अन्य उद्योगहरुको स्थापना तथा सुदृढिकरण
- वनक्षेत्रवाट पात संकलन गरि कम्पोष्ट मल तयार गर्ने उद्योगको स्थापना तथा प्रवर्द्धन

निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः

- समूह, सहकारी, वन पैदावारमा आधारित उद्यम दर्ता/नविकरण र कर चुक्ताको प्रमाणपत्रको छाँयाकपी ।
- सामुदायिक वन, कवुलियति वनको हकमा समूह/समितिको निर्णय।
- स्थानीय तहको सिफारिस पत्र
- PAN दर्ताको प्रमाणपत्र
- उद्योगको दिगोपन हुने स्वघोषणा

२. निवेदन पेश गर्दा निवेदकको नाम, ठेगाना, सम्पर्क नम्बर स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

३. निवेदन पेश गर्नुपर्ने अन्तिम मिति र समयः २०८२/२/१८ गते कार्यालय समयसम्म ।

४. निवेदन पेश गर्ने निकाय/स्थानः डिभिजन वन कार्यालय राप्ती, मनहरी

५. क्षेत्र छनौट, प्रस्तावको छनौट र कार्यान्वयन प्रकृया वन तथा वातावरण तर्फको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ मा व्यवस्था भए बमोजिम हुनेछ । थप जनकारीको लागि डि.व.का राप्ती, मनहरी र सम्बन्धित सब डि.व.का मा सम्पर्कको लागि अनुरोध छ। सम्पर्क नं.: ०५७-४१४१६५, मोः९८५५०१७६७८ कार्यालयको वेवसाइट **www.dforapti.bagamati.gov.np**